# गौरीगङ्गा राजपत्र


गौरीगङ्गा नगरपालिकाद्वारा प्रकाशित

खण्ड ९ चौमाला, कैलाली बैशाख ०७ गते, सोमबार २०८३ साल, (संख्या ५)


### भाग -३

## महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविका तथा स्वास्थ्यकर्मी प्रोत्साहन कार्यविधि, २०८२

**प्रस्तावनाः** गौरीगङ्गा नगरपालिका, कैलाली जिल्लामा स्वास्थ्य क्षेत्रको जिल्ला स्तरीय वार्षिक समीक्षामा पटक -पटक उत्कृष्ट नतिजा ल्याउन सफल हुनुका साथै दुई पटक प्रथम तथा एक पटक तृतीय स्थान हासिल गर्न सफल हुनु महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका तथा नगरपालिका अन्तर्गतका स्वास्थ्य शाखा, स्वास्थ्य संस्थाहरूमा कार्यरत सबै स्वास्थ्यकर्मी एवम् कर्मचारीहरूको निरन्तर मेहनत, समर्पण, अनुशासन र समुदायस्तरमा पुऱ्याएको प्रभावकारी स्वास्थ्य सेवाको प्रतिफल हो।

स्वास्थ्य क्षेत्रको उल्लेखनीय उपलब्धिको उचित कदर गर्दै सबै महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका तथा स्वास्थ्यकर्मी एवम् कर्मचारीहरूको मनोबल उच्च राखी आगामी दिनहरूमा समुदाय स्तरमा अझ गुणस्तरीय, प्रभावकारी र उत्तरदायी स्वास्थ्य सेवा प्रदान गर्न थप प्रेरणा मिलोस् भन्ने उद्देश्यले सम्मान तथा प्रोत्साहन कार्यक्रम सञ्चालन गर्न आवश्यक भएकाले गौरीगङ्गा नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७६ दफा ४ को अधिकार प्रयोग गरी नगर कार्यपालिकाबाट यो कार्यविधि तयार गरिएको हो।

### परिच्छेद-१

### <u>संक्षिप्त नाम र प्रारम्भ</u>

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस कार्यविधिको नाम "महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका तथा स्वास्थ्यकर्मी प्रोत्साहन कार्यविधि,२०८२" हुनेछ ।

(२) यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

२. <u>परिभाषाः</u> बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

क. "कार्यालय" भन्नाले गौरीगंगा नगरपालिका कार्यालय सम्झनु पर्दछ ।

ख. "कार्यालय प्रमुख" भन्नाले प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

ग. "नगर सभा" भन्नाले गौरिगंगा नगरपालिकाको सभालाई सम्झनु पर्दछ ।

घ. "शाखा" भन्नाले गौरीगंगा नगरपालिकाको स्वास्थ्य शाखा सम्झनु पर्दछ ।

ङ. "कार्यपालिका" भन्नाले गौरीगंगा नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

च. "स्वास्थ्य संस्था" भन्नाले गौरिगंगा नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्था सम्झनु पर्दछ ।

छ. “सम्मान तथा प्रोत्साहन” भन्नाले नगद पुरस्कार, उपहार सामग्री, प्रमाणपत्र, सम्मानपत्र, ट्रफी, मेडल, मायाको चिनो वा अन्य सुविधा बुझाउँछ।

ज. “स्वास्थ्यकर्मी एवम् कर्मचारी” भन्नाले नगरपालिकाअन्तर्गतका नगर अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य सेवा केन्द्र, नगर स्वास्थ्य सेवा केन्द्र, नागरिक आरोग्य केन्द्र, स्वास्थ्य शाखा लगायतका सरकारी स्वास्थ्य संस्थाहरूमा कार्यरत सबै तह र पदका स्वास्थ्यकर्मीहरु, कार्यालय सहयोगी तथा अन्य कर्मचारीहरूलाई बुझाउँछ।

झ. “महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका” भन्नाले नगरपालिकाभित्र कार्यरत महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुलाई बुझाउँछ।

## परिच्देछ-२
## <u>उद्देश्य</u>

३. <u>यस कार्यविधिको उदेश्यः</u> (१) यस कार्यविधिको उदेश्य देहाय बमोजिम हुनेछ।

क. स्वास्थ्य क्षेत्रमा कार्यरत जनशक्तिको योगदानको कदर तथा सम्मान गर्नु।

ख. स्वास्थ्य सेवामा समर्पण, सेवाभाव र उत्तरदायित्व अभिवृद्धि गर्नु।

ग. समुदायस्तरमा गुणस्तरीय, र प्रभावकारी स्वास्थ्य सेवा विस्तार तथा प्रवर्द्धन गर्नु।

घ. उत्कृष्ट कार्यसम्पादनका लागि प्रेरणा प्रदान गर्नु।

## परिच्देछ-३
## <u>कार्यक्रम लागू हुने क्षेत्र र लाभग्राही</u>

४. <u>कार्यक्रम लागु हुने क्षेत्रः</u> नगरपालिकाभित्र रहेका सबै स्वास्थ्य संस्थाहरू, जसमा नगर अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य सेवा केन्द्र, नगर स्वास्थ्य सेवा केन्द्र,

गौरीगंगा राजपत्र

नागरिक आरोग्य केन्द्र, स्वास्थ्य शाखा तथा अन्य नगरपालिकाअन्तर्गत सञ्चालनमा रहेका स्वास्थ्य संस्थाहरू समावेश हुनेछन्।

५. **लाभग्राहीः यस कार्यविधिले समेटन खोजेका लाभग्राहीहरु देहाय बमोजिम हुनेछन ।**

क. नगरपालिकाभित्र कार्यरत सम्पूर्ण महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका।

ख. नगरपालिका अन्तर्गतका सरकारी स्वास्थ्य संस्थाहरूमा कार्यरत सबै स्वास्थ्यकर्मी एवम् कर्मचारीहरु ।

## परिच्देछ-४

## सम्मान तथा प्रोत्साहनका प्रकार तथा छनौट समिति सम्बन्धी व्यवस्था

६. **आधारभूत सम्मान तथा प्रोत्साहन कार्यक्रमः** आधारभूत सम्मान तथा प्रोत्साहानका कार्यक्रमहरु देहाय बमोजिम हुनेछन ।

**क.** सबै लाई प्रमाणपत्र प्रदान गरिनेछ।

**ख.** सामान्य उपहार, वा मायाको चिनो प्रदान गर्न सकिनेछ ।

**ग.** मनोरन्जनात्मक कार्यक्रमहरु आयोजना गर्ने जस्तैः अवलोकन भ्रमण, आदि

७. **विशेष सम्मानः** देहाय बमोजिम विशेष सम्मान गरिनेछ ।

क. उत्कृष्ट, सर्वोत्कृष्ट, दीर्घ सेवा लगायतका सम्मान प्रदान गर्न सकिनेछ।

ख. प्रमाणपत्र ,नगद पुरस्कार, विशेष कोसेली वा मायाको चिनो प्रदान गर्न सकिनेछ।

८. **उपहार, कोसेली तथा मायाको चिनो सम्बन्धी व्यवस्थाः** उपहार, कोसेली तथा मायाको चिनो सम्बन्धी देहाय बमोजिम हुनेछ ।

क. सम्मान तथा प्रोत्साहनका रूपमा नगद पुरस्कारका साथै उपहार सामग्री समेत प्रदान गर्न सकिनेछ।

ख. उपहार वा कोसेलीमा ज्याकेट, झोला, डायरी, घडी, ट्रफी, मेडल, प्रमाणपत्र, सम्मानपत्र तथा नगरपालिकाले उपयुक्त ठानेका अन्य सामग्रीहरू समावेश गर्न सकिनेछ।

ग. मायाको चिनोको रूपमा स्मरणीय तथा उपयोगी सामग्री प्रदान गर्न सकिनेछ।

घ. उपहार,कोसेली तथा मायाको चिनो बजेटको सीमा, औचित्य र मितव्ययितालाई ध्यानमा राखी निर्धारण गरिनेछ।

ङ. उपहार,कोसेलीहरुमा नगरपालिकाबाट उपलव्ध गराईएको भन्ने व्यहोरा देखिने गरी लोगो राखिएको हुनु पर्नेछ ।

गौरीगङ्गा राजपत्र

**९. विशेष सम्मानका लागि छनौट मापदण्डहरुः विशेष सम्मानका लागि देहाय बमोजिमका छुट्टै मापडण्डहरु हुनेछन ।**

क. नियमित सेवा प्रवाह तथा उपस्थिति एवम कार्यालयको सरसफाई र व्यवस्थापन।

ख. मातृ तथा शिशु स्वास्थ्य, खोप, पोषण तथा रोग नियन्त्रणमा योगदान।

ग. समुदायस्तरमा स्वास्थ्य सचेतना अभिवृद्धिमा भूमिका।

घ. कार्यअनुशासन, इमान्दारिता तथा सेवाभाव।

ङ. स्वास्थ्यका बिभिन्न कार्यक्रमका महत्वपुर्ण सूचकहरुको प्रगतिको तुलना गरी ।

च. स्वास्थ्य शाखाबाट प्राप्त मूल्याङ्कन प्रतिवेदन।

१०.**छनौट समिति (विशेष सम्मानका लागि मात्रः** विषेश सम्मानका लागि देहाय बमोजिमको छनौट समिति रहनेछ ।

क. नगर प्रमुख वा निजले तोकेको प्रतिनिधि – संयोजक।

ख. प्रमुख प्रशासकीय अधिकृत वा प्रतिनिधि – सदस्य।

ग. स्वास्थ्य शाखा प्रमुख – सदस्य सचिव।

घ. आवश्यक अनुसार नगरपालिकाले तोकेका अन्य कर्मचारी - सदस्य।

## परिच्छेद-५

## बजेट तथा खर्च

११. बजेट तथा खर्च सम्बन्धमाः (१) कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेट नगरपालिकाको वार्षिक स्वीकृत बजेटबाट व्यवस्था गरिनेछ।

(२) सम्मान वितरण तथा कार्यक्रम आयोजना गर्दा हुने सम्पूर्ण सञ्चालन खर्च, जस्तै मञ्च व्यवस्थापन, ध्वनि प्रणाली, छपाइ, प्रमाणपत्र, उपहार सामग्री, मायाको चिनो, अतिथि सत्कार, यातायात, स्टेशनरी, खाजा, खाना तथा अन्य प्रशासनिक खर्चहरू यसै कार्यक्रम शीर्षकबाट भुक्तानी गर्न सकिने छ ।

(३) कार्यक्रम सञ्चालनका लागि तोकिएको बजेट रकम अपुग भई थप रकम आवश्यक परेमा स्वास्थ्य शाखाको मागमा नगर कार्यपालिकाको निर्णय बमोजिम आवश्यक बजेट थप गर्न सकिनेछ।

(४) खर्च प्रचलित कानुन तथा नगरपालिकाको आर्थिक कार्यविधि अनुसार गरिनेछ।

गौरीगङ्गा राजपत्र

## परिच्छेद-६

## कार्यक्रम कार्यान्वयन प्रक्रिया (विशेष सम्मानका लागि मात्र)

१२. कार्यक्रम कार्यान्वयन प्रक्रियाः (१) कार्यक्रम कार्यान्यन प्रक्रिया देहाय बमोजिम हुनेछ ।

क. स्वास्थ्य शाखाबाट वार्षिक कार्ययोजना तथा बजेट अनुमान तयार गरिनेछ।

ख. छनौट समितिद्वारा मूल्याङ्कन तथा सिफारिस गरिनेछ।

ग. नगर कार्यपालिकाबाट स्वीकृति पश्चात कार्यक्रम सञ्चालन गरिनेछ।

घ. औपचारिक कार्यक्रम आयोजना गरी सम्मान वितरण गरिनेछ।

## परिच्छेद-६

## विवध

१३. अनुगमन मुल्याङ्कनः नगरपालिकाले कार्यक्रमको प्रभावकारिता, पारदर्शिता तथा उद्देश्य प्राप्ति भए/नभएको विषयमा नियमित अनुगमन तथा मूल्याङ्कन गर्न सक्नेछ ।

१४. बाधा अड्काउ फुकाउः यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा, अस्पष्टता वा समस्या उत्पन्न भएमा नगर कार्यपालिकाको निर्णय अन्तिम हुनेछ।

१५. संशोधनः नगर कार्यपालिकाले आवश्यकता अनुसार यस कार्यविधिमा समय– समयमा संशोधन गर्न सक्नेछ।

आज्ञाले
भक्तराज जोशी
प्रमुख प्रशासकिय अधिकृत

गौरीगंगा राजपत्र